# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

## Madan Bhandari Academy of Health Sciences

(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत स्थापित)

बागमती प्रदेश, हेटौडा

........ को कार्यालय

संख्या :-
चलानी नं. :-
सूचना नं : ३९

मितिः- २०८२/०९/०८

## सूचना

**विषयः PRE-BID MEETING बाट प्राप्त सुझावका सम्बन्धमा समान प्रकृतिको कार्य तथा मुख्य कार्य (Key Activities) सम्बन्धी स्पष्टीकरण।**

यस प्रतिष्ठानबाट मिति २०८२/०८/२२ मा प्रकाशित बोलपत्र MBAHS/NCB/WORKS/1S2E/2082/083-001 को सम्बन्धमा मिति २०८२/०९/०७ मा सम्पन्न PRE-BID बैठकमा जिज्ञासु बोलपत्रदाताहरूबाट प्राप्त सुझाव तथा जिज्ञासाहरूका सम्बन्धमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्पष्टीकरण निम्नानुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सूचनामार्फत सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरूलाई जानकारी गराइन्छ कि उक्त खरिद कार्यको Pre-Bid Meeting निर्धारित मिति अनुसार सम्पन्न भई विभिन्न सुझाव तथा जिज्ञासाहरू प्राप्त भएका छन्।

प्राप्त सुझावहरूलाई ध्यानपूर्वक अध्ययन पश्चात् सार्वजनिक निकायको स्पष्टिकरण निम्नानुसार रहेको छः

१. "समान प्रकृतिको कार्य (Similar Nature of Works)" सम्बन्धमा

बोलपत्र दस्तावेजमा उल्लेख गरिएको समान प्रकृतिको कार्यको मापदण्ड सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) ले तोकेका सूचकहरूका आधारमा निर्धारण गरिएको हो, जसमाः

भौतिक आकार, जटिलता, निर्माण विधि, प्रविधि,अन्य कार्यगत विशेषताहरू पर्दछन्।

- सबै RCC फ्रेम्ड भवनलाई समान प्रकृतिको कार्यमा समावेश गर्नुपर्ने सुझाव प्राप्त भए तापनि, समानता केवल भवनको प्रकार वा आकारको आधारमा नभई निर्माण विधि र प्रविधिको आधारमा कम्तिमा एउटा Steel structure building using prefab wall (PUF wall, fiber board or any other prefab wall material) specific construction experience मा माग गरिएको हो ।
- त्यसैले, समान प्रकृतिको कार्यसम्बन्धी मूल्याङ्कन मापदण्ड यथावत् रहनेछ, जुन सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ तथा PPMO का निर्देशिका अनुरूप हो।

२. मुख्य कार्य (Key Activities) सम्बन्धमा

- Prefab Wall, Cement Board Wall, Sandwich Wall, EPS Panel Board लगायत सबै प्रकारका Prefabricated Wall समावेश गर्नुपर्ने सुझाव केहि जिज्ञासु बोलपत्रदाताबाट प्राप्त भएको छ।
- यस सम्बन्धमा स्पष्ट गरिन्छ कि मुख्य कार्यहरू (Key Activities) Bill of Quantities (BoQ) मा उल्लेखित Item र तिनको कार्यगत तथा प्राविधिक महत्व साथै PPMO बाट जारि भएको बोलपत्रको template को आधारमा निर्धारण गरिएको हो।
- कार्यको प्रकृति तथा प्राविधिक आवश्यकतालाई मध्यनजर गर्दै, PUFF Wall को सट्टा "PUFF Panel" लाई मुख्य कार्यको मूल्याङ्कनमा समावेश गरिएको छ र सोहि बमोजिम बोलपत्रमा संशोधन गरिनेछ ।

- अन्य Prefabricated Wall प्रणालीहरू सामग्री, स्थापना विधि तथा कार्यगत विशेषतामा फरक हुने भएकाले मुख्य कार्यको मूल्याङ्कनका लागि समान मान्न सकिने छैनन्।

३. अन्य जिज्ञासाहरु :

- Drawing र BoQ मा रहेको Decking Sheet को thickness फरक देखिएकोमा BoQ अनुसार नै रहने ।
- Bonus को Provision, Special Condition of Contract (SCC) को GCC 56.1 मा Applicable हुनु पर्नेमा Applicable र Not Applicable दुवै लेखिएकोले बोलपत्रमा संशोधन गरिने ।
- Variation Order को provision छ कि छैन भन्ने जिज्ञासामा हुनुपर्ने देखिएमा नियमानुसार हुने ।
- Section III, Evaluation Criteria, Specific Construction Experience 2.4.2 ii मा at least One (1) Contract with a value of at least NRs 6,12,00,000.00 हुनुपर्नेमा मा अन्यथा भएकोमा संशोधन गरिने ।

३. कानुनी पालना तथा निष्पक्षता

- सबै योग्यता तथा मूल्याङ्कन मापदण्डहरू सार्वजनिक खरीद ऐन, नियमावली तथा PPMO का निर्देशिका अनुसार मात्र निर्धारण गरिएको हो।
- यी मापदण्डहरू कार्य र प्रविधिमा आधारित छन्, कुनै विशेष बोलपत्रदातालाई लक्षित गरी बनाइएको होइन।
- यस सार्वजनिक निकायबाट कुनै प्रकारको पक्षपात, भेदभाव वा प्रतिस्पर्धा सीमित गर्ने उद्देश्य राखिएको छैन।

अतः, सम्पूर्ण बोलपत्रदाताहरूलाई बोलपत्र दस्तावेजमा यथास्थित रहेका प्रावधानहरू र प्रकाशित हुने संसोधन अनुसार e-GP Portal मा नै अध्याबधि हुने र सोहि अनुसार नै बोलपत्र पेश गर्न अनुरोध गरिन्छ यो सूचना स्पष्टता, पारदर्शिता तथा निष्पक्ष प्रतिस्पर्धा सुनिश्चित गर्न जारी गरिएको हो।

..........................
भिम सागर गुरागाईं
रजिष्ट्रार